का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ साउन २०७९,
बिहीबार
4 August 2022,
Thursday
मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १८० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

बाढीको वितण्डा

# कोशी पुरानै धारमा फर्कंदा १८ हजार बढी प्रभावित



सप्तकोशी नदी ३४ वर्षपछि पुरानै धारमा फर्किएपछि उदयुपर बेलका नगरपालिकाका २५ घरपरिवारका १८ हजार बढी नागरिक प्रभावित बनेका छन् भने तटीय क्षेत्रका बासिन्दा त्रसित बनेका छन् । स्थानीय, प्रदेश र संघीय सरकारले उद्धार कार्यमा खटिएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ साउन ।

सप्तकोशी नदी तीन दशक अगाडिकै धारमा फर्किएपछि उदयपुर बेलका नगरपालिकाका २५ घरपरिवारका १८ हजार बढी नागरिक प्रभावित बनेका छन् । बुधबार बिहान ४ बजेतिर सप्तकोशी नदी बाँध भत्काएर पुरानै धारमा फर्किएको हो ।

कोशी पुरानै धारमा फर्किदा बेलका नगरपालिका वडा नम्बर १, २, ८ र ९ मा भंगालो पसेको छ । लगातारको वर्षाका कारण पानीको सतह बढ्दै जाँदा डुम्रीबोट र लाहुरे खोंचबाट कोशीको भंगालो बस्ती छिरेको हो । स्थानीयका अनुसार, २०४५ सालको भूकम्पपछि कोशी नदी नयाँ धार बनाएको थियो ।

कोशी नदी नयाँ धार बनाएर बग्न थालेपछि त्यस क्षेत्रमा बसोबास हुन थालेको हो । नदी बग्न छोडेको क्षेत्रमा २०५० सालतिरैबाट बस्ती शुरु भएको थियो । त्यही बस्तीमा बुधबार बिहानबाट कोशी बग्न थालेपछि उद्धारमा तीनै तहका सरकार परिचालित भएको छ । प्रदेश-१ का मुख्यमन्त्री राजेन्द्र राईले उद्धार कार्यमा सम्पूर्ण शक्ति परिचालित हुन निर्देशन दिएका छन् ।

उदयपुरका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवका अनुसार, कोशी छिरेको बस्तीबाट उद्धार गर्न सुरक्षार्मी, स्थानीय तथा विभिन्न संघसंस्था परिचालित भएको छ ।

गृहमन्त्री बालकृष्ण खाँणले बस्ती स्थानान्तर, उद्धार र राहतमा राज्यका सबै निकायलाई परिचालित हुन निर्देशन दिएका छन् । आवश्यक परे हेलिकोप्टर प्रयोग गर्ने समेत गृहमन्त्री खाँणले निर्देशन दिएका छन् ।

प्रभावितहरुका लागि खाद्यन्न, टेन्ट, पिउने पानी लगायत व्यवस्थापनमा जोड दिन निर्देशन दिइएको छ । प्रभावित क्षेत्रबाट उद्धार गर्न सशस्त्र प्रहरी, सेना र नेपाल प्रहरी परिचालित भएका छन् । बहाब रोक्ने उपायबारे पनि छलफल भइरहेको प्रजिअ यादवले बताए ।

कोशी पुरानै धारमा फर्किएपछि तटीय क्षेत्रमा रहेकाहरुको उद्धारमा समेत आवश्यक ध्यान दिन सरकारले निर्देशन दिएको छ । १४ वर्ष अगाडि २०६५ सालमा पनि सप्तकोशीको बाँध भत्किएको थियो । त्यसबेला सुनसरीको पश्चिम कुसहास्थित बाँध भत्किदा मधुवन, लौकही, पश्चिम कुसहा, हरिपुर, श्रीपुर र भारततर्फ ठूलो – बाँकी पृष्ठ २ मा

## मनसुन पछि ३५ जनाको मृत्यु



*बाढीको उच्च जोखिममा रहेको कञ्चनपुर बेदकोट नगरपालिका-४ का बस्ती उद्धार गर्दै सशस्त्र प्रहरी । तस्वीरः राजेन्द्रप्रसाद पनेरु, रासस*

**काठमाडौं/मस–** गृह प्रशासनका अनुसार, यस वर्ष मनसुन सक्रिय भएपछि प्रकोपमा परी ३५ जनाको मृत्यु भइसकेको छ । यो वर्ष गएको ९ जेठबाट मनसुन सक्रिय भएको थियो । त्यसयता ३९ जना घाइते भएका छन् । ४७ जिल्लामा बाढी, पहिरो र डुवानको समस्या देखिएको छ । प्रकोपमा परी ८२ घर पूर्ण तथा ६४ घरमा आंशिक क्षति पुगेको छ । सोमबार यता मात्रै प्रकोपमा परी सात जनाको मृत्यु भएको छ ।

लगातार अविरल वर्षा अझै रोकिएको छैन । जल तथा मौसम विज्ञान विभागले पूर्वी नेपालमा वर्षा बिस्तारै कम हुने सम्भावना छ । आजसम्म वर्षा भएर जाने अनुमान गरिएको छ । तर बिस्तारै पश्चिमतर्फ वर्षा सर्ने विभागको अनुमान छ ।

विषालु च्याउबाट जोगिऔं ।

- जंगली च्याउहरु विषालु पनि हुनसक्छन्,
- त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।
- खेती गरेर उमारेका च्याउ खाने गरौं ।
- जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

गठबन्धनमा सहमति

## ४ मंसिरमा आम चुनाव

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ साउन ।

सत्ता साझेदार दलहरुबीच आगामी मंसिर ४ गते संघ र प्रदेशको चुनाव गर्ने सहमति जुटेको छ । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बुधबार बसेको सत्ता साझेदार दलका शीर्ष नेताहरुको बैठकले चुनावको मितिमा सहमति गरेको हो । शीर्ष नेताहरुबीच जुटेको सहमति अनुसार अब बस्ने मन्त्रिपरिषद्को बैठकले चुनावको मिति घोषणा गर्ने एक नेताले बताए ।

'सम्भवतः बिहीबार वा शुक्रबार बस्ने मन्त्रिपरिषद् बैठकले चुनावको मिति तोक्छ । त्यही अनुसार चुनाव हुन्छ', ती नेताले भने । निर्वाचन आयोगले मंसिर २ गते चुनावको मिति घोषणा गर्न सुझाव दिएको थियो । सुझाव बमोजिम चुनावको मिति घोषणा गरे तयारीमा समस्या नहुने आयोगले प्रधानमन्त्री शेरबहादुर देउवालाई जानकारी दिएको थियो । निर्वाचन आयोगको सुझावका आधारमा सरकारले चुनावको मिति घोषणा गर्ने प्रचलन छ ।

त्यसअनुसार, आयोगले पनि तयारी अगाडि बढाउने छ । आयोगले तयारीमा समस्या नहुने जनाएको छ । तर सरकार र सत्तारुढमै भने चुनावबारे अन्योल थियो । सत्तारुढ दलका नेताहरुले मंसिरमा नभएर माघ वा फागुनमा चुनाव हुने बताइरहेका थिए । सरकारले नागरिकता ऐन सम्बन्धी अध्यादेश ल्याएकाले पनि चुनावको मिति प्रभावित हुने अनुमान गरिएको थियो ।

किनकि जन्मसिद्धका छोराछोरीले वंशजको आधारमा नागरिकता पाउने र आंगिक नागरिकता पाउने व्यवस्थामा खुकुलो प्रावधान राखेर विधेयक पारित भएको छ । प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित भएको विधेयक राष्ट्रपति कार्यालय पठाइएको थियो । विधेयक अनुमोदन भएपछि नागरिकता वितरण गरिने पनि सत्तारुढ नेताहरुले – बाँकी पृष्ठ २ मा

सक्रिय अख्तियार

## कठघरामा तानिँदै कर्मचारी

शून्य सहनशीलताको नारा टाँगिएकै सरकारी कार्यालयका कर्मचारी भ्रष्टाचार मुद्दामा लगातार तानिन थालेका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १८ साउन ।

देशको महत्वपूर्ण केन्द्र मानिएको सिंहदरबार होस् वा अन्य सरकारी कार्यालय अधिकाशंमा लेखिएको हुन्छ 'म भ्रष्टाचार गर्दिन, गर्न पनि दिन्न' । तर, उक्त भनाई भनाईमै सीमित हुन थालेका छ । देशको उच्च ओहोदामा बसेका व्यक्तिदेखि तल्लो तहका कर्मचारीसम्मले घुस लिएको विषय धमाधम बाहिरिन थालेको छ ।

बुधवार मात्रै ६ लाख र घुस तथा स्रोत नखुलेको १६ लाख – बाँकी पृष्ठ २ मा

## अब वैदेशिक रोजगारका समस्या समाधान उच्च प्राथमिकतामा : अर्थमन्त्री शर्मा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ साउन

नवनियुक्त अर्थमन्त्री जनार्दन शर्माले मुलुकको अर्थतन्त्रमा वैदेशिक रोजगारमार्फत प्राप्त हुने रेमिट्यान्सले ठूलो योगदान दिने भएकोले यस क्षेत्रमा रहेका समस्याको दीर्घकालीन समाधानका लागि आफुले उच्च प्राथमिकतामा राखेर पहलकदमी लिने प्रतिबद्धता जनाएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यावसायी संघले बुधबार नवनियुक्त अर्थमन्त्री शर्मालाई अर्थमन्त्रालयमा भेटी बधाई तथा कार्यकाल सफलताको शुभकामना दिने क्रममा संघका संयोजक बिमलप्रसाद ढकालले वैदेशिक रोजगार क्षेत्रमा



लामो समयदेखि समाधान हुन नसकेका विविध समस्याका बारेमा ध्यानाकर्षण गराएका थिए । संघले राखेका – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## मेरिगोल्ड म्यानपावरविरुद्ध ठगी मुद्दा दायर

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले मेरिगोल्ड ओभरसिज प्रा.लि.का सञ्चालक तथा कर्मचारीविरूद्ध करिब ३ करोड रूपैयाँ ठगीको अभियोगमा वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको छ । विभागबाट श्रम स्वीकृति नलिई वैदेशिक रोजगारमा युक्रेन पठाई ठगी गरेको विषयमा वैदेशिक रोजगार ऐनको दफा ४४ अनुसार वैदेशिक रोजगार न्यायाधिकरणमा बिगो, पचास प्रतिशत हर्जना र कैद माग गर्दै ठगीको मुद्दा दायर गरेको विभागले बताएको छ । विभागले इजाजत पत्र नम्बर ६६८/०६३/६४ – बाँकी पृष्ठ २ मा

## जापान रोजगारीबारे सहसचिवस्तरीय बैठक

**काठमाडौं/मस–** जापानिज भाषा र सीप परीक्षा उत्तीर्ण गरेका नेपाली नागरिकहरुलाई जापानमा रोजगारी दिलाउने विषयमा सहसचिवस्तरीय बैठक हुने भएको छ । सन् २०१९ मार्चमा (एसएसडब्लू) प्रणाली अन्तर्गत नेपाली नागरिकलाई जापानमा रोजगारीका अवसरहरु प्रदान गर्ने गरी नेपाल सरकार र जापान सरकारबीच एक श्रम समझदारी पत्रमा हस्ताक्षर भएको थियो । – बाँकी पृष्ठ २ मा

हार्दिक बधाई



नेपाल गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायी मञ्चका सल्लाहकार एवं अक्सफोर्ड इण्टरनेशनल प्रा.लि.का संचालक **ईश्वर जिसीज्यूले** युवा उमेरमै उद्यम तथा रोजगार क्षेत्रमा उल्लेखनीय काम गरेवापत युरोपियन इन्टरनेशनल युनिभर्सिटीबाट **'ग्लोबल लिडरसीप इन बिजनेश म्यानेजमेन्ट'**मा मानार्थ विद्यावारिधि प्राप्त गर्न सफल हुनु भएकोमा हामी आम बैदेशिक रोजगार व्यबसायी गौरवान्वित भएका छौं । यस अवसरमा डा. जिसीलाई हार्दिक बधाईका साथै उहाँको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

धनलाल जैसी
अध्यक्ष

कुन्छा दोर्जे डिम्दोङ्
महासचिव

तथा

नेपाल गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायी मञ्च
परिवार

मध्यान्ह
www.madhyanhadaily.com
१९ साउन २०७९, बिहिबार
4 August 2022, Thursday

# द्वन्द्वपीडित परिवारद्वारा न्यायको माग




**काठमाडौं/मस–** द्वन्द्वपीडित परिवारले 'बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१' लाई पर्याप्त सुझावका आधारमा संशोधन गर्नुपर्ने माग गरेका छन् ।

राष्ट्रिय मानवअधिकार आयोगले बुधबार आयोजना गरेको सो ऐनको संशोधन विधेयकमाथिको छलफलका क्रममा द्वन्द्वपीडित परिवारले सम्बन्धित क्षेत्रको सुझावविना ऐनको संशोधन विधेयकलाई संसदमा लगिएको भन्दै गुनासो गरेका छन् ।

द्वन्द्वपीडित साझा चौतारीका पूर्वअध्यक्ष सुमन अधिकारीले द्वन्द्वपीडितसँग कुनै सुझाव नलिइकन सरकारले ऐन संशोधन विधेयक ल्याएको भन्दै आफूहरुको सुझावलाई समेत समावेश गर्नुपर्ने माग गरे ।

उनले भने, 'संशोधन विधेयकमा धेरै विषय पीडितलाई झन पीडा दिने गरी राखिएको छ, हामीले अझै पीडा खोजेको होइन, हामीले न्याय खोजेको हो, त्यसैले विधेयकलाई संशोधन गर्नुपर्छ ।'

विधेयकमा परामर्शदाताको सुझाव र त्यसबारे अदालतले गरेको निर्णयलाई समावेश गर्नुपर्ने उनको भनाइ छ ।

द्वन्द्वपीडित रामचन्द्र विकले विधेयकमा हत्यालाई पनि मानवअधिकार उल्लघंन भनेर लेखिएको छ भन्दै त्यो गलत रहेको र त्यसलाई विधेयकको परिभाषामा नै सच्याउनुपर्ने बताए । द्वन्द्वपीडित साझा चौतारीकी अध्यक्ष मैना कार्कीले पीडितको सुझावका आधारमा ऐन संशोधन गरेपछि आयोग गठन गरी आयोगमा कुनै पनि राजनीतिक पार्टीमा आबद्ध नभएको व्यक्तिलाई नियुक्त गर्नुपर्ने माग गरे ।

आयोगका अध्यक्ष तपबहादुर मगरले संशोधन विधेयकमा समावेशी कतिपय प्रावधान हटाउनका निम्ति आयोगले पहल गरिरहेको जानकारी दिए ।

आयोगका सदस्य सूर्य ढुङ्गेलले पीडितलाई न्याय दिनेभन्दा पनि पीडकलाई उन्मुक्ति दिने गरी ऐन संशोधन गर्ने तयारी गरिएको भन्दै पीडकले उन्मुक्ति पाउन नहुनेमा जोड दिए ।

वरिष्ठ पत्रकार कनकमणि दीक्षितले राजनीतिक दलका कारण सङ्क्रमणकालीन मुद्दा टुङ्गो लाग्न नसकेको बताए ।

# लागुऔषधसहित २२ जना पक्राउ



**काठमाडौं/मस–** प्रहरीले उपत्यकाको विभिन्न स्थानबाट प्रतिबन्धित लागुऔषधसहित २२ जनालाई पक्राउ गरेको छ ।

नेपाल प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरले २०७८ असार ३२ देखि साउन १८ गते बुधबारसम्म १९ दिनमा चार महिलासहित १८ पुरुषलाई पक्राउ गरेको हो । प्रहरीले यही साउन ८ गते ताप्लेजुङ मेरिङदेन घर भई ललितपुर इमाडोल बस्ने ३३ वर्षीय तुलसा खड्कालाई पक्राउ गऱ्यो । उनको साथबाट नाइट्राभेट ट्याब्लेट एक हजार २६० थान, प्रोक्सिभन क्याप्सुल १५० थान, 'डायलेक्स डिसी' छ बोलत र कोडिन जस्तो देखिने रातो रङको तरल पदार्थ तीन सय मिलिलिटर बरामद भयो ।

खड्कालाई लागुऔषध उपलब्ध गराउने सर्लाही हरिवन घर भई गोकर्णेश्वर बेंसीगाउँ बस्ने ३५ वर्षीय बुद्ध बमजन र खड्कालाई लागुऔषध कारोबारमा सहयोग गर्ने सुनसरी बराह घर भई इमाडोल बस्ने २७ वर्षको युवराज खड्कालाई पनि प्रहरी पक्राउ गरेको छ ।

प्रहरीले लागुऔषधसहित पक्राउ परेकाको अनुसन्धानबाट सोही अवैध कारोबारमा सहयोग गर्ने र लागुऔषध उपलब्ध गराउनेसम्मलाई पक्राउ गरेको हो ।

त्यस्तै लागुऔषध नियन्त्रण ब्यूरोले यही साउन १३ गते ३८४ ग्राम हेरोइनसहित रामेछाप नगरपालिका-९ घर भई गोकर्णेश्वर बस्ने ४० वर्षीय जुनमाई मोक्तानलाई पक्राउ गरेको थियो । उपत्यकाको ललितपुर, भक्तपुर र काठमाडौंका विभिन्न स्थानबाट लागुऔषध कारोबारमा संलग्न रहेका सबैलाई पक्राउ गरी प्रहरीले आज सार्वजनिक गरेको हो ।

ब्यूरोका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक विकास खनालका अनुसार पक्राउ परेकाहरुको साथबाट ४५९ ग्राम हेरोइन, 'डायलेक्स डिसी' एक हजार १८० बोतल, नाइट्राभेट ट्याब्लेट एक हजार २६० थान र प्रोक्सिभन क्याप्सुल १५० थान बरामद गरिएको छ ।

बरामद गरिएको लागुऔषधको कूल बजार मूल्य ५८ लाख १० हजार ८०० रहेको जानकारी प्रहरीले दिएको छ । यसरी अवैध लागुऔषधमा संलग्न हुने र पक्राउ पर्नेको संख्या बढ्दो देखिन्छ । यसअघि साउन १ गते चार किलो अवैध लागुऔषध हेरोइनसहित अफ्रिकी नागरिक ज्याक एन्टोन एन्गेलब्रेच र भारतका ३२ वर्षीया ज्योथाङ्गीलाई प्रहरीले तिलगङ्गाबाट पक्राउ गरेको थियो ।

# सबै वडा सचिवविहीन, पञ्जीकरणको जिम्मा स्वास्थ्यचौकी इञ्चार्जलाई

**रुकुम(पूर्व)/मस**-रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिकाको सबै वडा सचिवविहीन छन् । सुरुदेखि नै सचिवविहीन बनेका वडामा स्वास्थ्यचौकी इञ्चार्जले पञ्जीकरणको काम गर्दै आएका छन् ।



वडा सचिव नभएपछि गाउँपालिकाले नै सबै वडामा वडा सहायक खटाएको छ । वडा सहायकले वडाबाट हुने सबै कामकाजको कागजपत्र मिलाउने, सिफारिस तयार पार्ने गर्दछन् । वडाबाट नजिक पर्ने स्वास्थ्यचौकीका इञ्चार्जले हस्ताक्षर गरेर अहिलेसम्म कामकाज चल्दै आएको पुथा उत्तरगङ्गा गाउँपालिका- ५ का वडाध्यक्ष एवं गाउँ कार्यपालिकाका प्रवक्ता टिकासाई घर्तीले बताए । कतिपय वडामा झन कागजात तयारको काम कार्यालय सहयोगीले पनि गर्दै आएको उनले बताए ।

घर्तीका अनुसार गाउँपालिकाको १, २, ३, ४, ९ र १२ नं वडामा वडा सचिवको काम गाउँपालिकाका स्वास्थ्य संयोजक एवं मैकोट स्वास्थ्यचौकीका इञ्चार्ज समीर गिरीले गर्दै आएका छन् ।

वडा नं १, २, ३, ४ र ९ नं का नागरिक वडाबाट सिफारिसलगायत अन्य कागजातमा हस्ताक्षर गराउनुपऱ्यो भने फाइल बोकेर तकसेरा आउने गर्दछन् । मैकोट गएको खण्डमा मैकोटबाट झर्ने बेलासम्म १२ नं वडाका नागरिकले कागजातमा हस्ताक्षरको लागि गिरीलाई पर्खनुपर्ने अवस्था रहेको प्रवक्ता घर्तीले बताए ।

प्रवक्ता घर्तीका अनुसार गाउँपालिकाको ५ र ६ नं वडामा स्वास्थ्यचौकी हुकामका इन्चार्ज हेमन्त बुढाथोकीले पञ्जीकरणको काम गर्दै आएका छन् ।

७ र ८ नं वडामा स्वास्थ्य चौकी रिबाङचौर जाङका इन्चार्ज, १०, ११ र १३ नं वडामा स्वास्थ्यचौकी तकसेराका इञ्चार्ज कलिभान विष्ट र १४ नं वडामा स्वास्थ्यचौकी राङ्सीका इञ्चार्ज सरोज यादवले पञ्जीकरणको जिम्मेवारी सम्हाल्दै आएका छन् ।

भौगोलिक विकटता भएको यस क्षेत्रका नागरिक दुईतीन दिन लगाएर एउटा सिफारिस बोकेर रुकुमकोट पुग्ने र त्यही सिफारिस नमिल्दा सिफारिस बनाउन तीन दिन लगाएर मैकोट/पेल्मा फर्कनुपर्ने अवस्था रहेको छ ।

यता गाउँपालिका स्वास्थ्य संयोजक समीर गिरीले स्वास्थ्यचौकी इञ्चार्जले पञ्जीकरणको काम सम्हाल्दा स्वास्थ्य क्षेत्रको काम प्रभावित हुने गरेको बताए । वडा सचिवविहीन हुँदा पञ्जीकरणको सबै काम अस्तव्यस्त हुने गरेको गाउँपालिकाका अध्यक्ष पुनीराज घर्तीले बताए ।

वडा सचिव नहुँदाखेरी नै यस गाउँपालिकाभित्रका धेरै नागरिकको समयमै मृत्यु, जन्म, विवाह दर्ता नहुने गरेको पाइएको छ । कतिपय नागरिकले उमेर पुगेर पनि वडाबाट आवश्यक कागजात नबन्दा सामाजिक सुरक्षा भत्ताबाट वञ्चित हुनुपरेको पाइएको गाउँपालिका अध्यक्ष घर्तीले बताए ।

यस गाउँपालिकामा स्थानीय तहको चुनाव भइसकेपछि सुरुको वर्षमा १० नम्बर वडामा मात्र एक सचिव आएको र उनी पनि दुई चार महिना बसेर गएका थिए ।

त्यसपछि आजका दिनसम्म यस गाउँपालिकामा एक जना पनि वडासचिव आएका छैनन् । पहिलो कार्यकायलको स्थानीय सरकारले एक पटक दरबन्दी अनुसारको कर्मचारी माग गरी मन्त्रालयमा पठाएको थियो ।

कर्मचारी नपठाएपछि त्यसपछि भने गाउँपालिकाले कर्मचारी माग गर्नै छोड्यो । अहिले नयाँ जनप्रतिनिधि आएपछि भर्खरै मात्रामा गाउँपालिकाको रिक्त रहेको पदमा कर्मचारी माग गरी पठाएको गाउँपालिकाका अध्यक्ष घर्तीले बताए ।

गाउँपालिका पनि विगत तीन वर्षयता निमित्त प्रमुख प्रशासकीय अधिकृतको भरमा चलेको छ । अहिले गाउँपालिकामा निमित्ति प्रमुख प्रशासकीय अधिकृतसहित लेखा, कृषि, पशु, शिक्षा, कम्प्यूटर अपरेटरमा एकएक जना मात्र स्थायी कर्मचारी छन् । उनीहरु पनि सबै निमित्त हुन् । प्राविधिक शाखा सबै खाली छ । स्वास्थ्यमा २३ जना स्थायी कर्मचारी रहेका छन् ।

यस्तै गाउँपालिकाले गएको पाँच वर्षे कार्यकालमा भर्ना भएका सबै करार कर्मचारीको सम्झौता नवीकरण गरेको छैन् । नयाँ आर्थिक वर्ष सुरु भएसँगै करार सम्झौता नवीकरण नगरेको गाउँपालिकाले अहिले सबै कर्मचारी नयाँ भर्ना गरिरहेको छ । पहिलो चरणमा गाउँपालिकाले कृषि, पशु, शिक्षा र स्वास्थ्य क्षेत्रको लागि १२६ जना करार कर्मचारीको माग गरेको थियो । अहिले यी क्षेत्रमा कर्मचारी व्यवस्थापनको लागि परीक्षाको काम चलिरहेको गाउँपालिकाले जनाएको छ । अन्य रिक्त विभिन्न पदमा पनि गाउँपालिकाले कर्मचारी व्यवस्थापनको काम गरिरहेको छ ।

# १० किलो ट्युमर झिकियो

**विराटनगर/मस–** विराटनगर स्थित विराट नर्सिङ होममा एक महिलाको पाठेघरबाट नौ किलो २०० ग्रामको फाइब्रोड नामक ट्युमर शल्यक्रिया गरी झिकिएको छ ।



मोरङको पथरी शनिश्चरे नगरपालिका-४ निवासी ३९ वर्षीया महिलाको पेटबाट अस्पतालका चिकित्सक ज्ञानेन्द्रमान सिंह कार्कीको नेतृत्वमा बुधबार सफल शल्यक्रिया भएको हो ।

करिब एक घण्टा २० मिनेट लगाएर गरिएको शल्यक्रियामा डा. भानु न्यौपाने, डा वात्सल्य अर्याल, डा फारिदा खातुनलगायतको टिम सहभागी थियो । सफल शल्यक्रियापछि डा.कार्कीले यति धेरै वजनको मासुको थुप्रो लिएर ती महिला अस्पतालसम्म आउन सक्नु आश्चर्य भएको उल्लेख गर्दै भने, 'शल्यक्रिया सफल भयो, बिरामीको अवस्था सन्तोषजनक छ खुसी लागेको छ ।'

विगत दुई वर्षदेखि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नियमित परीक्षण गर्दा सानो पाँच/छ सेमी आकारको मासु पलाएको रिपोर्ट थियो । कोरोनाका कारणले पुनः उपचार र परीक्षण हुननसकेको तर पेटमा कुनै समस्या पनि देखा नपरेको बिरामीको आफन्तले बताएका छन् ।

आफन्तका अनुसार विस्तारै विस्तारै पेट बढ्दै गयो । मोटाएको जस्तो महसुस भयो तर कुनै दुःख अप्ठ्यारो नभएको हुनाले ठीकै छ भनेर बिरामी घरमा बसिरहेकी थिइन् । तर पेट धेरै मोटाएको हुनाले विराट नर्सिङ होममा आएर परीक्षण गर्दा ३०/४० सेमी आकारको ट्युमर देखा पऱ्यो । शल्यक्रिया नगरी अरु उपाय नभएको चिकित्सकले बताएपछि शल्यक्रिया गर्नुपरेको बिरामी कुरुवा बसेका आफन्तले बताएका छन् ।

# तयारी अवस्थामा रहन महानिरीक्षक सिंहको निर्देशन

**काठमाडौं/मस**-प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले विपद्का जोखिमयुक्त क्षेत्रको पहिचान गरेर आवश्यक स्रोतसाधनसहित पूर्व तयारी अवस्थामा रहन मातहतका निकायलाई निर्देशन दिएका छन् ।



काठमाडौं उपत्यका विशेष सुरक्षा प्रहरी गण त्रिपुरेश्वरको हाताभित्र निर्माण भएको प्रहरी भवनको आज शुभारम्भ गर्दै अविरल वर्षाका कारण उत्पन्न डुबान, बाढी, पहिरो लगायतका सम्भावित विपद् क्षेत्रको पहिचान गरी तयारी अवस्थामा रहन निर्देशन दिएका हुन् ।

उनले भने, 'अपराध अनुसन्धान, शान्तिसुरक्षा व्यवस्थापनलगायत विपद् उद्धार कार्यमा प्रहरीले सदैव अग्रपङ्क्तिमा रहेर कार्यसम्पादन गर्दै आएको छ । कतिपय अवस्थामा संयमता र धैर्यता गुमाएर गरिएको निर्णयले मानवीय क्षति हुन गई प्रहरी आलोचित बन्नुपरेको दृष्टान्त छन्, यसकारण परिस्थितिअनुसार आवेग र उत्तेजनालाई नियन्त्रण गरी विवेकपूर्ण निर्णयबाट गरिने कानूनसम्मत प्रहरी कारवाही तर्कसङ्गत हुने हुँदा हामी सबैले यी विषयतर्फ ध्यान दिन जरूरी छ ।'

काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले समसामयिक परिस्थिति अनुसार कार्यसम्पादन गर्नका लागि प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि गर्दै जानुपर्ने बताए ।

उनले उपत्यकामा हुने विभिन्न आपाराधिक गतिविधि नियन्त्रणमा काठमाडौं उपत्यका विशेष सुरक्षा प्रहरी गणले प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक रवीन्द्रबहादुर धानुकले नवनिर्मित भवनले गणमा कार्यरत प्रहरी कर्मचारीलाई थप हौसला प्राप्त हुनुको साथै कार्यसम्पादनमा अझ बढी उत्कृष्टता आउने विश्वास व्यक्त गरे ।

उक्त भवन रु २२ करोड ९० लाख ७१ हजार १९२ लागतमा निर्माण सम्पन्न भएको काठमाडौं उपत्यका विशेष सुरक्षा प्रहरी गण त्रिपुरेश्वरका प्रमुख प्रहरी उपरीक्षक सानुराम भट्टराईले बताए ।

## कोशी...

क्षति भएको थियो । लगातारको वर्षाबाट नेपालका अन्य क्षेत्र समेत प्रभावित बनेको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार, पूर्वी नेपालमा अब बिस्तारै वर्षा कम हुने सम्भावना छ । त्यसले कोशीको बहाब घट्ने आशा गरिएको छ । उदयपुरका प्रजिअ यादव, वर्षा कम भएमा मानवीय तथा पशुजन्य क्षति हुन नदिन सावधानी अपनाउन सहज हुनेछ ।

गत वर्ष पनि कोशी नदी पुरानै धारमा फर्कने संकेत देखिएको थियो । तर अस्थायी तटबन्ध निर्माण गरी कोशी रोकिएको थियो । तर यसपटक भने कोशी नदीले धार परिवर्तन गरेको छ ।

## गठबन्धनमा...

बताउने गरेको थियो । तर ०७४ मंसिर १० र २१ गते दुई चरणमा चुनाव भएकाले यसपटक पनि मंसिरमै चुनाव गरिनुपर्ने दबाव सरकारसँग थियो । त्यसबेला दुई चरणमा मतदान भएको थियो भने गणना एकैपटक भएको थियो । यसपटक भने एकैचरणमा चुनाव गराउनुपर्ने दबाव छ । अघिल्लोपटक स्थानीय चुनाव पनि तीन चरणमा भएको थियो । गएको ३० वैशाखमा एकैपटक स्थानीय चुनाव भएको छ ।

## कठघरामा...

५० हजार रुपैयाँसहित पर्यटन मन्त्रालयका उपसचिव प्रमोद नेपाल पक्राउ परेका छन् । नक्सालस्थित एक होटलमा पैसा लिने क्रममा उनी पक्राउ परेका थिए । सन् २०१८/१९ को ब्याचमा त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र विषयमा स्नातकोत्तर गर्दा गोल्ड मेडल प्राप्त गरेको नेपाल सरकारी छात्रवृत्तिमै इंग्ल्यान्डमा अध्ययन गरेर फर्किएका थिए ।

उपसचिव नेपाल मात्रै होइन, बुधवार मात्रै आन्तरिक राजश्व कार्यालय लाजिम्पाटकी कम्प्युटर अधिकृत विन्दु श्रेष्ठ प्रधान ३० हजार घुस सहित पक्राउ परेकी छिन् । सेवाग्राहीसँग घुस लिइसकेको अवस्थामा अख्तियारको टोलीले स्टिङ अप्रेसन गरी रंगेहात पक्राउ गरेको हो ।

बुधवार नै मधेश प्रदेश सरकारले सञ्चालन गरेको बेटी पढाऊ, बेटी बचाऊ कार्यक्रममा भ्रष्टाचार भएको निष्कर्ष निकाल्दै तत्कालीन प्रदेश सचिव सहित ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

तत्कालीन प्रदेश सचिव यामप्रसाद भूसाल, सिनियर डिभिजनल इन्जिनियर भगवान झा, सह लेखापाल राजाराम मण्डल, जिन्सी शाखाका शाखा अधिकृत रामस्वार्थ महतो, भण्डार शाखाका खरिदार जित मोहनकुमार दासविरुद्ध भ्रष्ट्राचारको मुद्दा दायर भएको हो । सचिव भूसालले गुणस्तरहीन लेडिज साइकलको आपूर्ति स्वीकार गरी भुक्तानीसमेत गरेर प्रदेश सरकारलाई १० करोड ३३ लाख ७५८ रुपैयाँ हानी नोक्शानी पुऱ्याएका छन् ।

उपसचिव प्रमोद र अधिकृत विन्दु र प्रदेश सचिव भुसाल त प्रतिनिधि पात्र मात्रै हुन्, नेपालमा ठूला नेतादेखि सांसद मन्त्री समेत घुसको काण्डमा मुछिने तर त्यसबाट सहजै उन्मुक्ति पाउने प्रवृत्ति बढेको छ ।

बोलीमा भ्रष्टाचारमा शून्य सहनशिलता भन्ने तर, यर्थाथमा भने हरेक क्षेत्रमा भ्रष्टाचारीको जालो मौलाउँदा देश थप आर्थिक संकटतर्फ धकिलिने देखिन्छ । यसको नियन्त्रणका लागि भ्रष्टाचारीलाई हदैसम्मको दण्ड दिनुपर्ने विज्ञहरुको सुझाव छ ।

## अब...

समस्याहरू सुनेपछि अर्थमन्त्री शर्माले नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगार क्षेत्रले पुऱ्याएको योगदान तथा यस क्षेत्रमा रहेका विविध समस्याका बारेमा आफू पूर्णरूपमा जानकार भएकोले समस्या समाधान गर्न ढिलाइ नगरी उच्च प्राथमिकताका साथ पहल गर्ने प्रतिबद्धता जनाएको संयोजक ढकालले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

संयोजक ढकालले सरकारले अध्ययन बिना वैदेशिक रोजगारमा कामदार पठाउन नै फ्रि भिसा फ्रि टिकटको निर्णय लागू गरेको तर त्यसको व्यवहारमा सही कार्यान्वयन हुन नसकेको कारण समस्या उत्पन्न भएको बताएका थिए ।

संयोजक ढकालले भने, 'वैदेशिक रोजगारमा जाने कामदारले दश हजार रूपैयाँको मात्र रसिद पाउने, पठाउने म्यानपावर व्यवसायीले आर्जन गरेको रकम बैकिङ प्रणालीमा जम्मा गर्न नपाउने तथा राजस्व प्राप्ति गर्ने सरकारले राजस्व उठाउन नपाएको अवस्था उत्पन्न भई तीनवटै पक्ष समस्यामा रहेकोले यसमा नेपाल सरकारले नै सकेसम्म छिटो उचित निर्णय लिनुपर्ने सुझाव पनि दिएका छौं । मन्त्रीज्यूले संघसँग जीवन्त सम्बन्ध कायम गर्ने आश्वासन पनि दिनुभएको छ ।'

त्यसका लागि आफूले वैदेशिक रोजगारीमा कामदार पठाउने दक्षिण एशियाली मुलुकमा लागू भए सरह कामदारले एक महिनामा पाउने तलब बराबरको रकम सेवाशुल्क वापत लिन पाउने वैधानिक व्यवस्था गरिनुपर्ने सुझाव समेत राखेको भन्दै संयोजक ढकालले फ्रि भिसा फ्रि टिकट भनिए पनि रोजगारदाता कम्पनीले जहाज टिकट दिन नसकेको अवस्थामा कामदार आफैं टिकट काटेर जाने अवस्था भए नेपालमा आकर्षक तलब र सुविधाका डिमाण्ड आउने अवस्था रहेको विषयमा पनि अर्थमन्त्री शर्माको ध्यानाकर्षण गराएको बताए ।

यसका अतिरिक्त वैदेशिक रोजगार ऐनमा रहेका अव्यवहारिक समस्या समाधानका लागि ऐन संशोधनका लागि सकारात्मक भूमिका खेलिदिन समेत आग्रह गरेको ढकालले जानकारी दिए ।

संयोजक ढकालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलमा संघका पूर्वअध्यक्षहरु दिलप्रसाद पोखेल र प्रेम कटुवाल तथा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एशोसिएसनका अध्यक्ष कुमुद खनाल र सल्लाहकार चिरञ्जीवी बस्याल तथा संघका कार्यालय सचिव अरुण अर्याल रहेका थिए ।

## मेरिगोल्ड...

भएको उक्त ओभरसिजका सञ्चालकहरू रविन्द्र कुमार श्रेष्ठ, भवानी प्रसाद कोइराला, ओम बहादुर काकी र कर्मचारी अमिर थुलुङले राजेन्द्र डोटेल लगायतका ३८ जनाबाट १ करोड ८६ लाख १५ हजार २ सय रूपैयाँ लिएको दाबी गर्दै उनीहरूलाई ऐनको दफा ४४ तथा गणेश प्रसाद मैनाली, सुरज काकी र दिपेश गुप्ताले दफा ४३ अनुसारको कसुर गरेको पुष्टि भएको भन्दै न्यायाधिकरणमा मुद्दा दायर गरेको हो ।

विभागले पीडितबाट १ करोड ८६ लाख १५ हजार २ सय रूपैयाँ ठगी गरेको भन्दै त्यसको हर्जना ५० प्रतिशतले हुने ९३ लाख ७ हजार ६ सय गरी २ करोड ७९ लाख २२ हजार ८ सय असुल उपर हुनुपर्ने दाबी गरेको छ ।

ऐनको दफा ४४ मा म्यानपावर कम्पनीले विभागबाट स्वीकृति नलिई विदेश कामदार पठाए वा पठाउँछु भनी प्रलोभन दिई रकम उठाएमा लिएको रकम र त्यसको ५० प्रतिशत हर्जना भराई म्यानपावर कम्पनीको सञ्चालकलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँ जरिवाना र तीन वर्षदेखि सात वर्ष कैद गरी इजाजतपत्र रद्द गर्ने व्यवस्था छ । तीन वर्षभन्दा बढी कैद हुने मुद्दामा सामान्यतः थुनामा बसेर मुद्दाको पूर्पक्ष गर्नुपर्ने कानूनी व्यवस्था छ ।

## जापान...

त्यस विषयमा छलफल गर्नका लागि एक प्रतिनिधिमण्डल कार्यसमिति बनेको थियो । बिहीबार समितिको बैठक नेपालमा बस्न लागेको हो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव राजीव पोखरेल संयोजक रहेको नेपाली समितिमा परराष्ट्र मन्त्रालयका ललिता सिलवाल, कानून मन्त्रालयका हिमाल चन्द्र अर्याल र श्रम मन्त्रालयका उपसचिव डा। थानेश्वर भुसाल सदस्य छन् भने जापान सरकारको तर्फबाट सहायक उपमन्त्री चोसुमो नाकागावाको नेतृत्वमा एक प्रतिनिधिमण्डल नेपाल आएको छ ।

समितिले सहमति गरेमा जापानिज भाषा र सीप परीक्षा उत्तीर्ण गरेका नेपाली नागरिक जापान जान पाउने अपेक्षा गरिएको छ । उक्त प्रणालीमार्फत जापानिज भाषा र सीप परीक्षा उत्तीर्ण गरेका ८ सय ५० जना जापानमा रोजगारीमा रहेको मन्त्रालयले प्रेस विज्ञप्तिमार्फत जानकारी गराएको छ । उक्त प्रणाली अन्तर्गत जापानका १४ वटा विभिन्न पेशागत क्षेत्रमा रोजगारीमा लैजाने विषयमा सहमति भएको थियो ।

**कतारमा रोजगारको अवसर** | कम्पनी: EARTH TECH Trading & Cont. W.L.L
शहर: Qatar

पूर्व स्वीकृत मितिः २०७८/१२/०२ चलानी नं.: ६०१७६०५० LT. No.: 259517 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 6 | 0 | स. काममा दक्ष | 2200 | ७५,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २६ गते (11 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. २ निशुल्क क.नं. १ को रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

License No.: 1406/074/075
**KALINCHOK H. R. PVT. LTD.**
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 9801081748, 9851136852, 9851093878, 9801179844, Email: kalinchokhr.nepal@gmail.com

# बढ्यो कोरोना संक्रमण

**काठमाडौं/मस–** देशभर पछिल्लो २४ घण्टामा नौ सय १५ मा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय छ हजार दुईको परीक्षण गर्दा उक्त संख्यामा सङ्क्रमण पुष्टि भएको हो।

हालसम्म नेपालमा ११ लाख ३१ हजार आठ सय ५३ मा कोरोना भाइरस पुष्टि भएको छ। पछिल्लो समय थप तीन सय एक सङ्क्रमणमुक्त भएसँगै सङ्क्रमणमुक्त हुनेको संख्या नौ लाख ७० हजार नौ सय २६ पुगेको छ।

नेपालमा यस सङ्क्रमणबाट हालसम्म मृत्यु हुनेको संख्या ११ हजार नौ सय ६८ पुगेको छ। त्यसैगरी पछिल्लो समय ५५ हजार पाँच सय ५९ ले खोप लगाइसकेका छन्। हाल सक्रिय सङ्क्रमितको संख्या पाँच हजार चार सय ३३ पुगेको छ। होम आइसोलेसनमा पाँच हजार दुई सय ७५, संस्थागत आइसोलेसनमा एक सय ५८ आइसियुमा ४३ र भेन्टिलेटरमा दुई जनाको उपचार भइरहेको छ।



**सुदूरपश्चिमका ५४ जनामा कोरोना सङ्क्रमण**

सुदूरपश्चिम प्रदेशमा एकैदिन ५४ जनामा कोरोना सङ्क्रमण देखिएको छ।

गएको २४ घण्टामा पाँच सय ४६ जनाको परीक्षण गर्दा ५४ जनामा सङ्क्रमण पुष्टि भएको सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

सङ्क्रमण देखिनेमा सबैभन्दा बढी कञ्चनपुरका ३०, कैलालीका २१ र बैतडीका तीन जना रहेका छन्। तीमध्ये भारतबाट फर्किएका १५ जनामा सङ्क्रमण पुष्टि भएको हो। गड्डाचौकी नाकाबाट फर्किएका सात, गौरीफन्टाबाट छ र झुलाघाट नाकाबाट फर्किएका दुई जनामा सङ्क्रमण निर्देशनालयका कोभिड-१९ सम्पर्क व्यक्ति हेमराज जोशीले जानकारी दिए।

यस प्रदेशका भारतसँग सीमा जोडिएका सबै नाकामा हेल्थ डेस्क स्थापना गरेर नाकामै कोरोना परीक्षण कार्य जारी रहेको छ। सुदूरपश्चिममा हालसम्म पाँच लाख ६० हजार आठ सय ४९ जनाको कोरोना परीक्षण गरिएकामा ६० हजार ७१ जनामा सङ्क्रमण देखिएको छ। सङ्क्रमणका कारण हालसम्म छ सय ३३ जनाको ज्यान गइसकेको छ।

**नाकामा सतर्कता**

बाँकेमा कारोना सङ्क्रमित संख्या बढ्दै गएपछि नेपालगञ्जस्थित नेपाल-भारत सीमा जमुनाह नाकामा सुरक्षा सतर्कता अपनाइएको छ। भारतबाट घर फर्किने नेपालीको सीमामा प्रभावकारी स्वास्थ्य जाँच कोरोना परीक्षण गर्ने गरिएको छ।

जिल्ला कोभिड व्यवस्थापन केन्द्र बाँकेका स्रोत व्यक्ति तेज वलीका अनुसार भारतमा दिनहुँ ठूलो संख्यामा कोरोना फैलिएकाले नेपालगञ्जमा सहजै भित्रिन सक्ने भएकाले भारतबाट भित्रिने नागरिकको जमुनाह नाकामा स्वास्थ्य जाँच गर्ने गरिएको छ। जमुनाह नाकामा अहिले सीमावती भारतीय सहर रुपैडिहामा किनमेलका लागि जाने नेपाली उपभोक्ता र भारतबाट घर फर्किने नेपालीको भीड लाग्ने गरेको छ। दैनिकरूपमा नेपाली उपभोक्ता किनमेलका लागि भारतीय बजारमा पुग्दा कोभिडको जोखिम फेरि बढ्न सक्ने उनले बताए।

भारतबाट दिनहुँ भित्रिनेको सीमानाका जमुनाहमा प्रभावकारीरूपले स्वास्थ्य जाँच गराएर मात्र घर फर्किने व्यवस्था गरिएको छ। जमुनाह नाका हुँदै भारतबाट आउने नेपाली मजदुरलाई स्वास्थ्य जाँच गराएर मात्र भित्रिन दिइएको इलाका प्रहरी कार्यालय जमुनाहका प्रमुख वरिष्ठ प्रहरी नायब निरीक्षक माधव रिजालले बताए। बाँकेमा हाल ४३ सक्रिय सङ्क्रमित छन्। सङ्क्रमित सबै होम आइसोलेशनमा छन्।

# साउन मसान्तसम्म विद्यार्थी भर्ना गर्न बोर्डको निर्देशन

**काठमाडौं/मस–** राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले कक्षा ११ मा साउन मसान्तसम्म विद्यार्थी भर्ना गर्ने व्यवस्था गर्न देशभरका विद्यालयलाई निर्देशन दिएको छ।

बोर्डले गत साउन ११ गते २०७८ सालको माध्यमिक शिक्षा परीक्षा अर्थात एसइईको नतिजा सार्वजनिक गरेपछि कक्षा ११ पढाई हुने अधिकांश विद्यालयले एक साताभित्र विद्यार्थी भर्ना गर्ने गरी आवेदन आह्वान गरेपछि बोर्डले सार्वजनिक सूचना जारी गर्दै यस्तो निर्देशन दिएको हो। शैक्षिकसत्र २०७९र०८० का लागि कक्षा ११ मा विद्यार्थी भर्ना गर्ने सम्बन्धमा विभिन्न विद्यालय/क्याम्पसले फरकफरक भर्ना तालिका तय गरी छोटो समयको मात्र म्याद राखी सूचना प्रकाशित गरेको हुँदा देशका दुर्गम क्षेत्रका विद्यार्थीले भर्नाका लागि आवेदन दिने अवसरबाट समेत वञ्चित हुने अवस्था देखिएकाले देशभरका सबै विद्यालयलाई एसइईको नतिजा सार्वजनिक भएको कम्तीमा १५




दिनसम्म आवेदन दिन सक्नेगरी भर्नाको व्यवस्था गर्न निर्देशन दिएको छ।

बोर्डले साउन मसान्तसम्म विद्यार्थी भर्ना लिने व्यवस्था मिलाउन सम्बन्धित सबै विद्यालय एवं क्याम्पसलाई निर्देशन दिँदै बोर्डले स्थानीय तहलाई समेत आफ्नो पालिकाअन्तर्गतका विद्यालयमा समन्वय र सहजीकरण गरी विद्यार्थी भर्ना एवं कक्षा सञ्चालनको व्यवस्था गर्न आग्रह गरेको छ।


## Cyprus मा महिलाहरूलाई रोजगारको अवसर

१.कम्पनी: **Orthodoxou Employment Bureau Ltd.,** Cyprus, Larnaca.

पूर्व स्वीकृती मिति २०७९।०१।२२ | चलानी नं. ६०१७८९४३ | LT.No. 262688

| सि.नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 20 | काममा दक्ष | 314 | ४०,३८०।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

२.कम्पनी: **Mavromatis Employment Bureau Ltd.,** Cyprus, Larnaca.

पूर्व स्वीकृती मिति २०७७।१०।१८ | चलानी नं. ६०१५४३३४ | LT.No. 235902

| सि.नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 04 | काममा दक्ष | 455 | ५८,५१३।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले तिर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १,५००/- | रु.४०,०००/- |

अन्तर्वार्ता २०७९ श्रवण २६ गते (11 Aug, 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

APPS Govt. Lice. No.: 1172/073/074

**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
Email:- infoapps1172@gmail.comom



## मलेसियामा रोजगारको अवसर

कम्पनी: **TO BINA SDN BHD**
शहर: **MALAY**

पूर्व स्वीकृत मिति: २०७६/११/०२ | चलानी नं.: ६०१५१७७० | LT. No.: 233147 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 25 | 0 | स. काममा दक्ष | 1200 | ३३,८५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २६ गते (11 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम ई. पत्र नं.: १४५४/०७४/०७५

**All-Solution Employment Service Pvt. Ltd.**
Basubdhara-3, Kathmandu, Tel.: 015903078, 015903079
E-mail : info@allsolution.com.np, allsolution@gmail.com, Web.: www.allsolution.com.np


# साढे ४९ लाख रुपैयाँसहित हुण्डी कारोबारी पक्राउ

**काठमाडौं/मस–** महानगरीय प्रहरी प्रभाग कपन र प्रहरीवृत्त बौद्धको प्रहरी टोलीले कपनको भृकुटी चोकबाट हुण्डी कारोबारमा संलग्न एक जनालाई पक्राउ गरेको छ।

सादा पोशाकमा खटेको प्रहरी टोलीले गोरखा चुमनुव्री गाउँपालिका घर भई हाल काठमाडौं तीनचुली बस्ने वर्ष २४ को धावा घ्याल्चेनलाई आज राति पक्राउ गरेको हो। बुधबार साँझ भृकुटीचोक सडकखण्डमा जाँचका क्रममा बा ९९ प ७२०४ नम्बरको मोटरसाइकलमा स्रोत नखुलेको रु ३२ लाख र निज घ्याल्जेनको कोठमा समेत जाँच गर्दा रु १७ लाख ५० हजार गरी रु ४९ लाख ५० हजार बरामद भएको प्रहरीले जानकारी दिएको छ। निजको नातामा काका पर्ने खेम्बु निङ्मा दोर्जे हाल ताइवानमा रहेको र काकाले पैसा पठाउने गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। प्रहरीले सोही रकम हुण्डीमा प्रयोग हुने गरेको आशङ्का रहेको बताउँदै यसबारे थप अनुसन्धान भइरहको जानकारी दिएको छ।

# दुई सय ६३ चालक कारबाहीमा

**काठमाडौं/मस–** ट्राफिक प्रहरीले काठमाडौं उपत्यकामा चलाएको विशेष जाँच अभियानअन्तर्गत दुई सय ६३ चालक कारबाहीमा परेका छन्।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट आज खटिएको ट्राफिक प्रहरी टोलीले ट्राफिक नियमविपरीत सवारी चलाउने दुई सय ६३ चालकलाई कारबाही गरेको हो। कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले ट्राफिक प्रहरीले चलाएको विशेष जाँच अभियानमा पानी बोक्ने सवारी साधन ७१ वटा, एम्बुलेन्स पाँचवटा र अन्य सवारीसाधन एक सय ८७ वटालाई कारबाही गरिएको जानकारी दिए।

प्रवक्ता भट्टका अनुसार मदिरा सेवन गरी सवारी साधन चलाउने सात चालकलाई कारबाही गरिएको छ। तीमध्ये दुई जना स्कुल बसका चालक रहेका छन्। कार्यालयका अनुसार सानो भऱ्याङमा सञ्चालित हाइड एण्ड सिक मन्टेश्वरी स्कुलको प्रदेश ३-०१-०२३ च ३३६८ नम्बरको भ्यानका चालक वीरेन्द्र तामाङ र बाँनियाटारमा सञ्चालित फ्लोरोसेन्ट इङ्लिस हायर सेकेण्डरी स्कुलको बा २ क ६५७ नम्बरको बस चालक खीमप्रसाद पुनलाई कारबाही गरिएको हो। पक्राउ परेका विद्यालय बसका चालकलाई आवश्यक कारबाही गरी सम्बन्धित विद्यालयका प्रधानाध्यापकको जिम्मा लगाइएको प्रवक्ता भट्टले बताउनुभयो। यस्तै पानी बोक्ने तीन र अन्य दुई सवारी साधनका चालकले मापसे सेवन गरी सवारी चलाएको पाइएको सो कार्यालयले जनाएको छ।

ट्राफिक कार्यालयले बुधबार आरक्षण सिट कार्यान्वयन नगर्ने ७९ बस तथा माइक्रो बसका चालकलाई कारबाही गरेको छ। प्रवक्ता भट्टका अनुसार रत्नपार्क, स्वयम्भू, सोह्रखुट्टे, बौद्ध, जावलाखेललगायत क्षेत्रको अनुगमनबाट ती चालकलाई कारबाही गरिएको हो।

# उत्तरपुस्तिकामा मोबाइल लेखेर अनुरोध गर्नेलाई दुई वर्ष उम्मेदवार हुन रोक

**कर्णाली/मस–** प्रदेश लोकसेवा आयोग कर्णालीले यही साउन ४ गते लिएको स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूहका परीक्षार्थीलाई दुई वर्ष उम्मेदवार हुन नपाउने गरी रोक लगाउने निर्णय गरेको छ।

आयोगबाट साउन ७ गते सञ्चालन भएको विज्ञापन नं ५८४-५८८र०७८-०७९ को सहायकस्तर चौथो तह, अहेव पदको प्रथम चरणको लिखित परीक्षामा सहभागी सिद्धकुमाख गाउँपालिका-३ सल्यान स्थायी निवासी हिराराम रौलेका छोरा मास्टर आइडी १४०५७ र रोल ४४६६ का नवीनकुमार रेउलेलाई आयोगले दुई वर्षसम्म कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने गरी रोक लगाएको हो।




आयोगको १६ गतेको बसेको बैठकले प्रदेश लोकसेवा आयोग ऐन, २०७५ को दफा ६४ को उपदफा ९१० को खण्ड ९ख० बमोजिमको कसुरमा रेउलेलाई आगामी दुई वर्षसम्म हुने पदपूर्तिसम्बन्धी सबै विज्ञापनमा उम्मेदवार हुन नपाउने गरी रोक लगाइएको आयोगका प्रवक्ता बुद्धिबहादुर खत्रीले जानकारी दिए।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/०४/१९**

यस कार्यालयमा मिति २०७१/०७/२० मा दर्ता भएको **प्रा.लि. नं. १२८०५२** को **क्याम्पेन कन्सल्टयान्ट प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मितिः २०७९/०४/१९**

यस कार्यालयमा मिति २०७२/०३/२३ मा दर्ता भएको **प्रा.लि.नं. १३६८३३** को **रुपा कस्मेटिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०७९/०४/१९)**

यस कार्यालयबाट मितिः २०७९/०४/०३ मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित तपशिलमा उल्लेखित खरिद नं. र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र कार्यालयमा दर्ता भएको बोलपत्रदाताको बोलपत्र अधिकतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको आशयको प्रयोजनको लागी सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७(सात) दिने सूचना जारी गरिएको छ।

**तपशिल**

| खरिद नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रकम भ्याट सहित |
|---|---|---|---|
| BANKE/KOMUN/G/SQ-01/2079/080 | Advertisement Revenue Collection works at Kohalpur Municipality, Banke | Fab Nepal Pvt.Ltd. Itahari, Sunsari | Rs.16,88,875.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

---

# Damak Municipality

## Office of theMunicipal Executive

**Damak, Jhapa**

**1 No. Province , Nepal**

## Invitation for Online Bids

**Date of first publication: 4th August 2022**

1. Damak Municipality, Damak, Jhapa invites online bids under e-procurement system from eligible bidders for the procurement of Following Goods
2. Name of Project: **Procurement of Surgical Items 2079-80**

**Contract Identification No: *DMO/JHAPA/NCB/SURGICAL/8/2079-80***

| Slice No. | Slice identification no | Bid security amount ( NRs) | Estimated Amount NRs with VAT |
|---|---|---|---|
| 1 | DMO/JHAPA/NCB/SURGICAL/8/S1/2079-80 | 152000 | 6066423.84 |
| 2 | DMO/JHAPA/NCB/SURGICAL/8/S2/2079-80 | 160000 | 6426506.25 |

3. Eligible Bidders may obtain further information from Damak Municipality, Damak, Jhapa, or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Cost of Bidding Document : Rs 3000**

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank : Rastriya Banijaya Bank, Damak Branch
Name of Account : Aantarik Rajaswo Khata, Damak Municipality
Office Account no. : 2140100301010002

**Information to deposit the Bid Security**

Name of the Bank : Rastriya Banijaya Bank, Damak Branch
Name of Office : Damak Municipality, Dharauti Khata
Office Account no. : 2140100303000002

4 . Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or before 12:00 Hrs on 4th Sep 2022.

मध्यान्ह
www.madhyanhadaily.com
१९ साउन २०७९, बिहीबार
4 August 2022, Thursday

सम्पादकीय

## उद्धार, राहत र पुनर्स्थापनामा जोड

३४ वर्ष अगाडिकै धारमा सप्तकोशी नदी फर्किएपछि उदयपुर बेलका नगरपालिकाबाट २ हजार ५ सय परिवारको उद्धार गरिदैछ । बुधबार बिहान ४ बजेदेखि सप्तकोशी नदी पुरानै धारमा फर्किएको हो । २०४५ सालको भूकम्पपछि कोशी नदीले नयाँ धार बनाएको थियो । नयाँ धार बनाएर कोशी बग्न थालेपछि त्यस क्षेत्रमा २०५२/०५२ सालतिरबाट बस्ती शुरू भएको थियो । बस्ती तीव्र गतिमा विकास हुँदा अहिले १८ हजार भन्दा बढी मानिस त्यहाँ बस्ने गरेको स्थानीय प्रशासनले जनाएको छ । कोशीले धार परिवर्तन गरेपछि विकास भएको क्षेत्र अहिले बेलका नगरपालिका वडा नम्बर १, २, ८ र ९ पर्छ । तर बुधबार बिहानबाट कोशी नदी फेरि आफ्नै धारमा फर्किएपछि उक्त बस्ती उद्धारको प्रयत्न भइरहेको छ ।

कोशी नदीले बाँध भत्काएर आफ्नै धारमा बग्न थालेपछि तटीय क्षेत्र त्रसित बनेको छ । प्रदेश–१ का मुख्यमन्त्री राजेन्द्र राईले तटीय क्षेत्रका बासिन्दा सुरक्षित स्थानमा जान आग्रह गरेका छन् भने सरकारी निकायलाई परिचालित हुन निर्देशन दिएका छन् । संघीय र स्थानीय सरकारले पनि प्रभावित क्षेत्रका नागरिकको उद्धार कार्य अगाडि बढाएका छन् । ०६५ सालमा पनि सप्तकोशी नदीको बाँध भत्किएको थियो । बाढी र कटानले सुनसरीस्थित कुसाहामा बाँध भत्किएपछि मधुवन, लौकही, पश्चिम कुसहा, हरिपुर, श्रीपुर र भारततर्फ ठूलो क्षति भएको थियो । यसको १४ वर्षपछि सप्तकोशीको बाँध भत्किएको छ । बिहानपख कोशीले बाँध तोडेर पुरानै धारमा फर्केपछि प्रभावित नागरिकको उद्धार कार्यमा जोड दिइएको छ ।

सप्तकोशी बाहेक देशका अन्य क्षेत्रमा पनि बाढी, पहिरो र डुवानको समस्या छ । लगातारको वर्षाका कारणले पहाडी क्षेत्रमा बाढी पहिरो र तराई क्षेत्रमा डुवानले क्षति पुऱ्याइरहेको छ । वर्षायाममा यस्ता समस्या प्राकृतिक नियमितता हो । यसपटक भने कोशी नदी पुरानै धारमा फर्किएकाले ठूलो समस्या देखिएको छ । यसले सप्तकोशीको तटीय क्षेत्रका नागरिक प्रभावित बनेको छ । यस्तो बेला सरकारले उद्धार, राहत र पुनर्स्थापनामा जोड दिन आवश्यक छ । त्यस बाहेक आमनागरिकले आफ्नो क्षेत्रबाट सक्ने सहयोग गर्न जरूरी छ । प्रकोपबाट पहिलो आफू जोगिने र अरूलाई जोगाउनेमा जोड दिनुपर्छ ।

# लोकतन्त्रमा बढ्दो भ्रष्टाचार

*लोकतन्त्रको डेढ दशक लामो अभ्यासमा इतिहासकै शक्तिशाली नेकपा नेतृत्वको सरकारको पालामा भ्रष्टाचार उत्कर्षमा पुगेको देखियो । यति काण्ड, बालुवाटार जग्गा प्रकरण, सेक्युरिटी प्रेस खरिद प्रकरण, ३३ किलो सुनकाण्ड, गोकर्ण रिसोर्ट प्रकरण, एनसेल करछली प्रकरणलगायत घटना सार्वजनिक भए । जहाँ उच्च नेताहरूको पनि संलग्नता देखियो ।*

अग्रलेख



● ध्रुव अधिकारी

लोकतन्त्रको आधारभूत तत्व सुशासन हो । लोकतन्त्रमा सुशासन कायम हुन नसके लोकतान्त्रिक शासन व्यवस्था भन्नुको कुनै अर्थ हुँदैन । सुशासनको विपरितार्थ शब्द कुशासन हो । कुशासनमा नै भ्रष्टाचार चरम गतिमा बढ्ने गर्दछ । भ्रष्टाचार आज हाम्रो मात्रै नभएर विश्वकै ठूलो महारोग हो । भ्रष्टाचार निवारण गर्न सरकारले विभिन्न निकाय, आयोग र केन्द्रहरु खडा गरेको छ । जस्तैः अख्तियार दुरूपयोग अनुसन्धान आयोग, संसदको सार्वजनिक लेखा समिति, राष्ट्रिय सतर्कता केन्द्र आदि । तैपनि, भ्रष्टाचारको आयतन बढ्दोरूपमा छ । सिंहदरबारको शक्ति गाउँ-गाउँमा भन्ने नाराको ठाउँमा 'सिंहदरबारको भ्रष्टाचार गाउँ-गाउँमा' हुन थालेको छ । जनताको घर आँगनमा सेवा र विकास पुऱ्याउनु पर्ने 'स्थानीय सरकार' मा विद्यमान भ्रष्टाचारबारे अख्तियारमा परेका उजुरीको संख्या ३० हजारभन्दा माथि छ । राज्यसत्ता सञ्चालकहरु बेला-बेला भन्ने गर्छन् - स्थानीय तहमा भ्रष्टाचारविरुद्धको कारबाही चलाउन थाल्दा स्थानीय तह नै रित्तो हुन्छ ।

राणा शासनकालदेखि पञ्चायती व्यवस्था हुँदै लोकतन्त्रमा आइपुग्दा पनि एकपछि अर्को गर्दै मुलुकमा भ्रष्टाचार संस्थागत रूपमा वृद्धि भइरहेको छ । जसको आयतन निकै ठूलो भएको छ । भ्रष्टाचारविरुद्ध क्रियाशील अन्तराष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गर्ने विश्वव्यापी प्रतिवेदनमा नेपालको स्थान हरेक वर्ष ओरालो लाग्दो छ । २०४६ सालको राजनीतिक परिवर्तन पछि नेपाली कांग्रेसले आर्थिक उदारिकरण र निजीकरणको नीति लिएपछि भ्रष्टाचार बढ्दोरूपमा गएको हो । अझ त्यसमा पनि २०६२/०६३ को दोस्रो जनआन्दोलनपश्चात लोकतन्त्रको स्थापना पछि भ्रष्टाचारको पारो तिब्ररूपमा बढ्दै गएको देखिन्छ । मुलुक अहिले कहालीलाग्दो, कमिशनतन्त्रमा फसेको छ । कमिसनकै खेलले विकास निर्माणको गुणस्तर अन्त्यन्तै कमजोर भएको छ । कमिसनलाई कर्मचारीले अधिकार र ठेकेदारले आफ्नो दायित्व ठान्छन् ।



रूपबाट अर्थात् बाहिरी आवरणबाट हेर्दा मुलुकमा कानूनको शासन, प्रेस स्वतन्त्रता, आवधिक निर्वाचन, प्रतिपक्षको सम्मान सबैथोक छ । समाज अत्यन्तै सरल ढंगले चलिरहे झैं लाग्छ तर, गहिरिएर हेर्दा अर्थात् समाज व्यवस्थाको भित्रि जीवन अर्कै छ । चिन्तन शैली र व्यवहार अर्कै छ । लोकतान्त्रिक प्रवृत्तिसँग मेल खाँदैन । औपचारिक अर्थमा कानून, व्यवस्था एउटा छ । वास्तविक जीवन अर्कै ढंगले चलिरहेको छ । रूपमा लोकतन्त्र छ, सारमा लुटतन्त्र छ । आस्था, निष्ठा, सिद्धान्त बोकेका इमान्दार नेताको उपस्थिति एकदमै न्यून छ । अधिकांश जनप्रतिनिधिहरु भ्रष्ट, डन, ठेकेदार, माफिया, उच्च घरानिया ब्यापरीहरु तथा दलालहरुको बाहुल्यता छ ।

मुलुकमा भ्रष्टाचार रोक्ने प्रधानमन्त्रीको मुख्य हात हुन्छ । तर, यहाँका प्रायःजसो प्रधानमन्त्रीहरु नै भ्रष्टाचार गरेर अकुत सम्पत्ति कमाउने धुनमा हुन्छन् । पछिल्लो समयमा नेपालमा उच्च ओहोदामा हुने धेरै जसो प्रमुखहरुलाई केही न केही आरोप लागेकै छ । उहाँहरुलाई लाग्ने भनेको पहिलो कुरा आफूसँग भएका असिमीत अधिकारको दुरूपयोग गर्नु त्यही अधिकारको नाममा अकुत सम्पत्ति कमाउनु विभिन्न तरिकाबाट दलालमार्फत कमिशनको नाममा भ्रष्टाचार गर्नु, यी कुरा पञ्चायती व्यवस्थामा पनि थिए । २०४७ देखि २०६२/०६३ सम्म पनि थिए तर, मुलुकमा गणतन्त्र प्रवेश पछि यसको आयातन ह्वात्तै बढेको छ ।

नेपालमा विकास निर्माणका काममा धेरै भ्रष्टाचार हुने गरेको छ । सरकारले विकास निर्माणको कामको लागि पुँजीगत खर्च छुट्याएको हुन्छ ।

> *भ्रष्टाचारको आयतन बढ्दो रुपमा छ । सिंहदरबारको शक्ति गाउँ-गाउँमा भन्ने नाराको ठाउँमा "सिंहदरबारको भ्रष्टाचार गाउँ-गाउँमा" हुन थालेको छ । जनताको घर आँगनमा सेवा र विकास पुऱ्याउनु पर्ने "स्थानीय सरकार" मा विद्यमान भ्रष्टाचारबारे अख्तियारमा परेका उजुरीको संख्या ३० हजारभन्दा माथि छ । राज्यसत्ता सञ्चालकहरु बेला-बेला भन्ने गर्छन् - स्थानीय तहमा भ्रष्टाचारविरुद्धको कारबाही चलाउन थाल्दा स्थानीय तह नै रित्तो हुन्छ ।*

तर, त्यो पुँजीगत खर्च समयमै खर्च गरिँदैन । वर्षको अन्त्यमा त्यसलाई हतार-हतारमा खर्च गरिन्छ, यस्तो खर्चलाई असारे विकासको नामले चिनिन्छ । आर्थिक वर्ष २०७८/७९ मा पुँजीगत खर्च ५७ प्रतिशत मात्र भयो । अधिकांश रकम त आखिरी वर्षको १५ दिनभित्रै भयो । कतिपय खर्च कागजी घोडाको रूपमा मात्रै हुने गर्दछ । कतिपय रकम कर्मचारी र ठेकेदारको मिलिभगतमा भ्रष्टाचार हुने गर्दछ । सरकारले पूर्वाधार विकासमा फड्को मार्ने उद्देश्यसहित २४ परियोजनालाई राष्ट्रिय गौरवका आयोजनाको रूपमा लिएको छ । सरकारले राष्ट्रिय आयोजनामा घोषणा गरेको १० वर्ष वितिसकेको छ । तर, १० वर्षमा राष्ट्रिय गौरवका २४ मध्ये २ आयोजना मात्रै सञ्चालनमा आउन सफल भएका छन् : एउटा माथिल्लो तामाकोसी र अर्को गौतम बुद्ध विमानस्थल । हरेक आयोजनालाई समय र पैसा थप्ने भ्रष्टाचार हुने भएकोले समयमै काम हुन नसकेको सहजै अनुमान गर्न सकिन्छ ।

मुलुकमा अहिले तीन तहका (संघीय, प्रदेश र स्थानीय) सरकार छन् । यी तीनै तहका सरकारहरुमा बेरुजु रकमको ब्यारोमिटर उच्च छ । अझ स्थानीय तह सरकारमा बेरुजु रकम अत्यासलाग्दो छ । भ्रष्टाचारकै कारणले प्रायः रकम बेरुजु हुने गर्दछ । सार्वजनिक तथा सरकारी निकायमा उत्तरदायित्वको कमी र आर्थिक अनुशासनको कमीले बेरुजु बढ्दै गएको छ । महालेखा कार्यालयले हालै सार्वजनिक गरेको ५९ औं प्रतिवेदन अत्यन्तै निराशजनक छ । आर्थिक वर्ष ०७७/७८ मा मात्रै १ खर्ब १५ अर्ब ५ करोड ५० लाख रूपैयाँको बेरुजु थपिएको छ । सरकारको बेरुजु बढेर ४ खर्ब ३ अर्ब ५९ करोड रूपैयाँ पुगेको छ । अघिल्लो आवको भन्दा २०७७/७ मा १५.४६ प्रतिशत बढीले बेरुजु थपिएको प्रतिवेदनमा उल्लेख छ । महालेखा परीक्षकको कार्यालयका अनुसार स्थानीय तहको बेरुजु बढेको छ । स्थानीय तहमा मात्रै ४४ अर्ब २४ करोड १३ लाखको बेरुजु छ ।

संविधानले संघ, प्रदेश र स्थानीय तहलाई प्रदान गरेको एकल अधिकारको अभ्यास गर्न तिनै तहका सरकार स्वायत्त छन् । संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानूनहरुले स्थानीय सरकारलाई कानून बनाउने, कार्यान्वयन गर्ने र न्यायिक समितिमार्फत विवाद निरूपण गर्ने अधिकार प्रदान गरेको छ । त्यस्तै, आर्थिक अधिकार सम्बन्धि कानून बनाउने, वार्षिक बजेट बनाउने, नीति र योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने अधिकारका साथै सिफारिस र प्रमाणिकरणको अधिकार दिइएको छ । यद्यपी सुशासन कायम गर्ने र सेवालाई प्रभावकारी बनाउनेभन्दा स्थानीय तहको नेतृत्व आफू अनुकुल प्रशासन चलाएर आर्थिक अपचलन गर्ने तर्फ लागेका छन् ।

मुलुकले लोकतन्त्रको डेढ दशक लामो अभ्यासमा दुईतिहाइ नजिकको इतिहासकै शक्तिशाली कम्युनिष्ट पार्टी नेतृत्वको सरकारको पालामा भ्रष्टाचारका विभिन्न काण्डहरुको आयातन भने झन् उत्कर्षमा पुगेको थियो । यति काण्ड, बालुवाटारको ललिता प्रकरण काण्ड, सेक्युरिटी प्रेस खरिद काण्ड, ३३ किलो सुनकाण्ड, गोकर्ण रिसोर्ट प्रकरण काण्ड, एनसेल करछली प्रकरण काण्ड, बतास काण्ड आदि सबैमा त्यसबेलाका समर्पित दलका नेता कार्यकर्ता संलग्न पाइयो ।

अन्त्यमा, सरकारले भ्रष्टाचारको कुरा जोडडाररूपमा उठाए पनि मुलुक अहिले भ्रष्टाचारबाट आक्रान्त छ । भ्रष्टाचार अहिले न्यायलयमा पनि फैलिएको छ । दलहरुको आम्दानी र खर्चको स्रोत पारदर्शी छैन । खर्च गराई हेर्दा अत्यास लाग्दो छ । सबै भ्रष्टाचारीहरु नेताको संरक्षणमा छन् । सरकारमा भ्रष्टाचार गर्नकै लागि जानुपर्छ भन्ने मान्यताको विकास भएको छ । आम सञ्चारजगत तथा जनताको सचेत पहलकदमीले मात्रै भ्रष्टाचार नियन्त्रण हुन्छ ।

### सामाजिक सञ्जाल



**- भिमार्जुन आचार्य**

प्रतिनिधिसभाको कार्यकाल पाँच वर्षको हो । कार्यकाल सकिनु अघि अर्थात् मंसिर १० गते भित्र निर्वाचन सम्पन्न भइसक्नु पर्छ । निर्वाचनको मिति घोषणा भएपछि संसद् स्वतः भंग हुन्छ । फेरि विघटन गरिराख्नु पर्दैन । संसद नै नरहेपछि सांसद रहने भन्ने कुरै हुँदैन । स्थापित मान्यताको कदर गरौं, अति नगरौं ।



**- रवीन्द्र शाही**

